# राष्ट्रिय विपद जोखिम न्यूनीकरण नीति तथा कार्य योजना

## (लैससास तथा सुशासन विषयगत समूह)

**कोपिला रिजाल**

# विषय सूची

१. भुमिका ........................................................................................................ ३
२. औचित्य ........................................................................................................ ४
५.१ लैससास मूलप्रवाहीकरणका लागि संस्थागत संयन्त्र ........................................ १४
५.३ साझेदारी एवम् समन्वय ........................................................................ १४
५.४ लैससासको अनुगमन तथा प्रतिवेदन ........................................................ १६
६. विभिन्न निकायहरूको भूमिका तथा अनुगमन व्यवस्थाको संक्षिप्त विवरण निम्नानुसार हुनेछ : .................. १७
७. राष्ट्रिय प्रकोप जोखिम न्यूनिकरण निति र रणनितिक कार्ययोजना तयारी २०१७–२०३०
८. कार्यान्यन
९. निष्कर्ष

## अनुसचि

1. **DRR StrategicActtion Matrix in English**
2. **Policy Gap AnalysisMatrix on English from GESI and Governance Perspective.**

## १. भुमिका

नेपालको सन्दर्भमा सामाजिक वञ्चितीकरणले समाजको विकास क्रमसगै वर्षौदेखि जातजाति, जनजाति, लिङ्ग, अपाङ्गता, उमेर तथा धर्मका आधारमा विभेद गरिएका कारण पछाडि परेका वा पारिएका समूहहरुको अवस्थालाई चित्रण गर्दछ । सामाजिक वञ्चितीकरणमा परेका समूहहरुमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, कमलरी, मुक्त हलिया, उमेर (सोह्र वर्ष मुनिका बालबालिकाहरु र ६० वर्ष माथिका ज्येष्ठ नागरिक), अपाङ्गता भएका व्यक्तिहरु तथा भौगोलिक रुपले दुर्गम क्षेत्रमा बसेका जनतालाई लिइएको छ ।

कानुनी सेवा व्यवस्था वा स्वास्थ्य सेवा प्रणाली जस्ता सार्वजनिक औपचारिक संस्थामा एवम् समुदाय तथा घर–परिवार जस्ता सामाजिक अनौपचारिक संस्थाहरुमा वञ्चितीकरण स्पष्ट रुपमा विद्यमान रहेको देखिन्छ । त्यसैगरी लैङ्गिक सम्बन्धहरुमा नेपालका सबै सामाजिक समूहहरुमा भिन्न–भिन्न अवस्थामा विद्यमान रहेका छन् । सबै महिलाहरुले विभेद भोगिरहेका छन् तर वञ्चित समुदायका महिलाहरुले अझ धेरै प्रकारका विभेद भोगिरहेका छन् । नेपाल एक बहुजातिय, बहुभाषिक,बहुधार्मिक एवम् बहुसांस्कृतिक देश हो । प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक, सन्तुलित र न्यायसंगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नतिको प्रत्याभुति हुन्छ ।

समाजमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिबी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्वारा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिदै सरकारी, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु भएका छन् ।

नेपालको संविधान, २०७२ मा राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व अर्न्तगत महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्र लगायतका समस्याहरुलाई सम्बोधन गर्न लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने प्रावधान छ । साथै राज्य संरचनाका सबै अङ्गहरुमा मधेशी,

दलित, आदिवासी जनजाति, महिला, मजदूर, किसान अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने व्यवस्था गरिएको छ । नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यमा समेत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरुलाई प्राथमिकताको साथ सम्बोधन गर्ने गरिएको छ ।

नेपालमा विगत दुई दशकदेखि क्रमिकरुपमा नीतिगत परिवर्तन र सुधारका प्रयासहरु भएका छन् । तथापि विभिन्न सामाजिक समूहका मानिसको विकास सुचकहरुमा र राजनीतिक तथा प्रशासनिक शक्तिको पहुाचमा व्यापक अन्तर रहेको पाइन्छ । महिला, दलित, जनजाति, मधेशी तथा पिछडिएका समुदायहरु कमलरी, मुक्त हलिया, मुस्लिम समुदायहरुको आर्थिक अवस्था, स्वास्थ्य, शिक्षा, रोजगारीका सुचकहरु र राजनीतिक सहभागितामा पछाडि परेका छन् । जातजाति, जनजातिहरु तथा भौगोलिक स्थानहरु सबैमा नेपालको मानव विकास सूचाकाङ्कको आधारबाट महिला तथा बालिकाहरुको अवस्था पुरुष तथा बालकहरुको तुलनामा न्यून रहेको छ । महिला, बालबालिका, पछाडि परेको वर्गहरुको विकासमा नेपाल सरकार, दातृ निकाय र समाजका विभिन्न निकायले उल्लेख्य कार्यहरु गरेता पनि यी वर्गहरुको जिवनमा सारभूत परिवर्तन आउन अझ धरै बाकी छ ।

## २. औचित्य

महिला अधिकार महासन्धी १९६२ ले प्रत्याभूत गरेको महिला अधिकारका विषयवस्तुलाई वेइजिङ्गमा सन् १९९५ मा भएको चौथो विश्व महिला सम्मेलनले समेटदै रणनितिक उपायको रुपमा प्रस्तुत गरेको छ । अर्को तर्फ महिला मानव अधिकारको रक्षार्थ सबै प्रकारका महिला सम्बन्धि भेदभाव उन्मुलन गर्ने महासन्धी CEDAW को कार्यन्वयनले नेपालका सबै तह र तप्काका महिलाहरुको अधिकारको सुनिश्चितततालाई प्रत्याभुति गरेको छ । नेपालको संविधान, राष्ट्रिय कार्ययोजना र रणनितिहरु साथै महिला सम्बन्धि बनेका विभिन्न कानूनी प्रावधानहरु तथा नीतिहरुको व्यवस्था र DRR मा महिलाहरुका लागि पनि उनीहरुको अधिकार सुनिश्चितता र अर्थपुर्ण सहभागिताका लागि कोषेढुङ्गा सावित भएका छन । NEOC ले यो लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति बनाउने जमर्को गरेर विपद जोखिमका पिडितहरु समाजका महिला, वालबालिका तथा पिछडिएको समाजको उत्थान तथा शसक्तिकरणमा ठूलो योगदान पुर्याएको छ । तर पनि प्रकोप न्यूनिकरण र व्यवस्थापनको पक्षमा महिलाहरुको अर्थपूर्ण सहभागिता नदेखिएकाले मूख्य प्रभावित को हुन् भन्ने जानकारी पाउन गारो परेको छ । अर्कोतर्फ प्रभावित क्षेत्रको आंकडा संकलन, बजेट तर्जुमा तथा कार्यन्वयनका पक्षहरु स्थानीय निकायका निर्वाचित प्रतिनिधिहरुको DDRT क्षेत्रमा क्षमता विकासको कमि आदि जस्ता कारणले गर्दा लैङ्गिक तथा सामाजिक समावेशिक र स्वतः सासनलाई Cross Cutting Issues को रुपमा हेरिएको छ । त्यसकारण विपत व्यवस्थापन तथा न्यूनिकरणको रणनीति तथा कार्ययोजनामा  काय क्षेत्रहरुको विभाजन गरेर लैससास र सुशासनलाई छुट्टै राखेर छलफल तथा अन्तरक्रिया कार्यक्रम गरि यसको कार्ययोजना गराउनाले अर्थपूर्ण रुपमा यसको कार्ययोजना बन्ने र अन्य काय क्षेत्रहरु (Thematic Area)सँग सहकार्य गर्न सजिलो हुनेछ ।

# ३.विधिहरु (Methods)

लैससास सम्वन्धि मेट्रीक, महिला सशक्तीकरण खाका र common understanding खाकालाई आधार मानि Cross cutting thematic working group ले प्रकोप न्यूनिकरण रणनिति तथा कार्ययोजनाका लागि निम्नचगरण अपनाइयो ।

- लिड र को–लिड सँग प्रारम्भीक परामर्श thematic facilitates लाई दिइएको जिम्मेवारी अनुसार राष्ट्रिय योजना आयोगका सहसचीव तुलसि गौतम र उप सचिव सिवरन्जन पौडेल
- विभीन्न सरोकार वाला संघ संस्थासँग छलफल र अन्तरक्रिया कार्यक्रम
- कार्य योजनाको खाका Matrix तयार गरी लिड र को–लिड सँग छलफल पछी सरोकारवालाहरुबाट राय सुझाव संकलन गरेर राष्ट्रिय कार्ययोजना निर्माण समितिका सबै सदस्यहरुलाई सुझावको लागि पठाइयो ।




राष्ट्रिय कार्ययोजना समितिको सुझाव पछि सम्पूर्ण सरोकारवालालाई पूर्ण प्रतिवेदन Cross Cutting Theme को तर्फबाट प्रस्तुति गरेर सुझाव संकलन गरी पूर्ण प्रतिवेदन राष्ट्रिय कार्ययोजना तयारी समितिलाई पेश गरियो ।

# ४.प्रमुख नीतिहरु र रणनितिहरु

## ४.१ विपद् व्यवस्थापनमा लै.स.सा.स.: अन्तराष्ट्रिय दस्तावेज

- **संयुक्त राष्ट्र संघको निर्देशिका**

संयुक्त राष्ट्र संघको प्रकोप जोखिम न्यूनीकरणलाई  लैङ्गिक संवेदनशील बनाउने नीति तथा व्यवहारिक निर्देशिका अनुसार लैङ्गिक समानता र विपद् सामना गर्न सक्ने क्षमतामा  बलियो सम्बन्ध रहनुका साथै यसबाट सहस्राब्दी विकास लक्ष्य हासिल गर्नको लागि महत्वपूर्ण योगदान रहने हुँदा त्यसतर्फ सबैको ध्यान जान जरुरी छ । सरोकारवालाहरुले विपद् जोखिम व्यवस्थापन, पुर्नलाभ नीति तथा कार्यक्रमहरुमा महिला तथा पुरुषहरुको आवाज, आवश्यकता तथा विज्ञतालाई समान स्थान दिनु पर्दछ । उक्त निर्देशिकाले  विपद् जोखिम व्यवस्थापनमा लैङ्गिक दृष्टिकोणलाई मुलप्रवाहिकरण गर्ने उपायहरु सुझाएको छ । ती हुन- अधिकारमा आधारित लैङ्गिक तथा विकास र सहभागितामूलक विपद जोखिम व्यवस्थापन ।

- **ह्युगो खाका : कार्यान्वयनका लागि प्राथमिकता २००५-१५(hyogo Framework of Priorities for Action 2005-15)**

ह्युगो खाका अनुसार लैङ्गिक दृष्टिकोणलाई जोखिम आंकलन, पूर्व चेतावनी, सूचना व्यवस्थापन, शिक्षा तथा तालिम लगायतका विषयमा ध्यान पुऱ्याउँदै विपद् जोखिम न्यूनीकरण सम्बन्धी नीति, योजना तथा निर्णय प्रकृयाहरुमा समावेश गर्नु पर्दछ ।

- **विपद जोखिम न्यूनीकरणका लागि सेन्डाई खाका : २०१५-२०३० (Sendai Framwork for Disaster Risk Reduction 2015-2030)**

जापानको मियागी सेन्डाईमा सन् २०१५ मार्च १४-१८ मा सम्पन्न विपद जोखिम न्यूनीकरण सम्बन्धी संयुक्त राष्ट्र संघीय तेस्रो विश्व सम्मेलनद्वारा पारित “विपद जोखिम न्यूनीकरणका लागि सेन्डाई खाका २०१५-२०३०” मा लैङ्गिक तथा सामाजिक समावेशीकरणको दृष्टिले निम्न बुंदाहरु बारे महत्वका साथ उल्लेख भएकोमा सरोकारवालाहरुले ध्यान दिनु पर्दछ :

- विपद जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन एवं लैङ्गिक उत्तरदायी विपद जोखिम नीति, योजना तथा कार्यक्रमको तर्जुमा, श्रोत व्यवस्थापन र कार्यान्वयन गर्नका लागि महिलाको सहभागिता र भूमिका  अत्यन्त महत्वपूर्ण पक्ष हो । विपद व्यवस्थापन पूर्व तयारीमा महिला वर्गको सशक्तिकरण गर्न क्षमता विकासका उपायहरु यथेष्ट मात्रामा अवलम्वन गर्नुका साथै विपद् पछिका अवस्थाहरुमा जीविकोपार्जनका वैकल्पिक उपायहरु अपनाउनमा समेत उनीहरुको क्षमता बढाउनु पर्दछ ।
- बालबालिका र युवाहरु परिवर्तनका बाहक हुन् । अतः उनीहरुलाई प्रचलित कानून, व्यवहार र शैक्षिक पाठ्यक्रम मुताविक विपद जाखिम न्यूनीकरणमा योगदान पुऱ्याउन सक्ने किसिमको स्थान र तौर तरिका दिनु पर्दछ ।
- विपद जाखिम आंकलन गर्दा र सर्वमान्य सिद्धान्तलाई मध्यनजर गर्दै विशेष आवश्यकता परिपूर्तिका लागि योजना तर्जुमा एवं कार्यान्वयन गर्दा अपाङ्गता भएका व्यक्तिहरु तथा उनीहरुको संगठनको महत्वपूर्ण भूमिका रहने हुँदा त्यसतर्फ ध्यान दिनु पर्दछ ।
- ज्येष्ठ नागरिकहरुसंग वर्षौ देखिको ज्ञान, सीप र अकल हुन्छ जुन विपद जाखिम न्यूनीकरणका  लागि अमूल्य सम्पत्ति हो । अत : उनीहरुलाई पूर्व सूचना (early warning) लगायतका नीति, योजना तथा संयन्त्रहरुको निर्माणका बेला सहभागी गराउनु पर्दछ ।
- आदिवासीहरुले आफ्ना अनुभव र परम्परागत अभ्यासका माध्यमबाट पूर्व सूचना(early warning) लगायतका योजना तथा संयन्त्रको विकास तथा कार्यान्वयनमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने हुँदा उनीहरुको सहभागितालाई ध्यान दिनु पर्दछ ।
- आप्रवासीहरुले समुदाय तथा समाजको पुनरुत्थान (resilence)मा योगदान पुऱ्याउदछन् । उनीहरुको ज्ञान, सीप र क्षमता विपद जोखिम न्यूनीकरण सम्बन्धी योजना र कार्यान्वयनमा उपयोगी हुन सक्ने हुँदा सहभागी गराउनु पर्दछ ।

## ४.२ विपद व्यवस्थापनमा लै.स.सा.स.: राष्ट्रिय नीति तथा कानून

विभिन्न सामाजिक समूहमा विपद्‌को भिन्न भिन्न असर पर्न सक्ने यथार्थतालाई महसुस गरी नेपाल सरकारले विभिन्न नीतिगत दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशिता बारे उल्लेख गरेको यथार्थतालाई सरोकारवालाहरुले मध्यनजर गरी ती कानूनी तथा नीतिगत व्यवस्थाहरुलाई व्यवहारमा कार्यान्वयन गर्न गराउनु पर्दछ ।

- **दैवी प्रकोप उद्धार ऐन,२०३९**

दैवी प्रकोप उद्धार ऐन, २०३९ ले प्रकोपको लागि पूर्वतयारी, उद्धार तथा राहत, न्यूनीकरण तथा पुनर्स्थापनाको लागि विभिन्न तहमा आवश्यक संरचनाको लागि आधारभुत कानूनी आधार तथा पद्धति बार उल्लेख गरेको विषयलाई ध्यान दिनु पर्दछ । केन्द्रीय दैवी प्रकोप उद्धार समिति, क्षेत्रीय दैवी प्रकोप उद्धार समिति, जिल्ला दैवी प्रकोप उद्धार समिति तथा गाविस वा नगरपालिका स्तरीय दैवी प्रकोप उद्धार समिति, जस्ता संयन्त्रहरु गठन गर्दा लैङ्गिक तथा सामाजिक समावेशिताको दृष्टिकोणबाट महिला, अपाङ्गता भएका व्यक्तिहरु तथा अन्य पछाडी परिएका समूहहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नु पर्दछ ।

- **विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६**

- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति प्रकोपको सामना गर्न सक्ने समुदायको निमार्ण गर्ने परिकल्पना गरेर तर्जुमा गरिएको सन्दर्भलाई बुझ्नु पर्दछ ।
- रणनीतिमा प्रकोप व्यवस्थापनको लागि २९ वटा बहु क्षेत्रीय प्राथमिकता रणनीतिक कार्यहरु तथा विविध क्षेत्रगत गतिविधिहरु पहिचान गरेको हुँदा महत्वका साथ मनन गर्नु पर्दछ ।
- लैङ्गिक तथा सामाजिक समावेशिताको राष्ट्रिय नीतिलाई विपद् जोखिम व्यवस्थापनको हरेका चरणमा लैङ्गिक तथा सामाजिक समावेशिताको सवालहरुलाई मुलप्रवाहीकरण गर्नु पर्दछ ।
- विभिन्न सामाजिक समूहहरु, जात, जातिको विशेष आवश्यकतालाई विपद् पूर्व, विपद्‌को समय र विपद् पछिको समयमा योजना तथा क्रियाकलापहरुमा पहिचान तथा विश्लेषण गर्ने कार्यलाई प्राथमिकता दिनु पर्दछ ।
- महिला, बालाबलिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु तथा अन्य पछाडी पारिएका समूहहरु लगायत सबै समुदायमा जनचेतना जगाउने तथा विभिन्न गतिविधिहरु मार्फत उनीहरुको ज्ञान, क्षमताका आधारमा अवसर तथा अधिकारहरुको सदुपयोग गरी उनीहरुको आत्मविश्वासको वृद्धि गर्नु पर्दछ ।
- विशेष गरी महिला, बालबालिका, विधवा व्यक्तिहरु, अपाङ्गता भएका व्यक्तिहरु तथा बिरामी व्यक्तिहरु जस्ता जोखिममा रहेका परिवारहरुको लागि लक्षित उद्धार, राहत तथा पुनर्स्थापनका कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ ।
- विपद् सम्बन्धी पूर्व तयारी, न्युनीकरण, उद्धार, राहत कार्यक्रमहरु सञ्चालन गर्दा पछाडी पारिएका समूहहरुको आवश्यकतालाई विशेष ध्यान दिनु पर्दछ । ७

- **राष्ट्रिय विपद् प्रतिकार्यको खाका, २०७०**

भूकम्प लगायतको प्रकोपको समयमा समन्वय गर्नका लागि मुख्य सामग्री रुपमा रहेको राष्ट्रिय विपद प्रतिकार्य खाकाले राष्ट्रिय विपद् तथा आपतकालीन प्रतिकार्यमा मानवीय सहायता बारे विशेष ध्यान पुऱ्याउन जोड दिएको छ । सो अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशिताका दृष्टिले देहायका उपायहरु अवलम्वन गर्नु पर्दछ :

- अन्तर निकाय समन्वय,
- विपद् स्थिति बारे लेखाजोखा,
- खाजी तथा उद्धार कार्य,
- जोखिम सन्मूख व्यक्तिहरुको संरक्षण,
- पाँच वर्षभन्दा मुनिका बालबालिकाहरुलाई पोषिलो खानेकुराको प्रबन्ध,
- बालबालिका तथा स्तनपान गराइरहेका महिलाहरुको हेरचाह,
- सुरक्षा तथा जोखिम ठाउँबाट उद्धार

- स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, (सन् २०११)

स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिकाले स्थानीय स्रोत साधनको परिचालन गरी प्रकोप व्यवस्थापनलाई स्थानीय तहको क्षेत्रगत विकासको मूलप्रवाहमा ल्याउने उद्देश्य राखेको र स्थानीय सहभागितालाई तलदेखि माथिसम्म लैजाने तरिकाले सुनिश्चित गरिएको छ । यस निर्देशिकाले गरेको सन्दर्भमा विपद् जोखिम व्यवस्थापनलाई स्थानीय आदिवासीको सहभागितामा उनीहरुको ज्ञान, सीप तथा क्षमताको उचित उपयोग गरी सहभागितामूलक, पारदर्शी, जवाफदेही, समावेशी तथा जिम्मेवार बनाउनु पर्दछ ।

- **विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका**

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका अनुसार आपतकालीन स्थितिको सामना गर्नको लागि पूर्व तयारी सम्बन्धी योजना सबै जिल्लामा बनाउनु पर्दछ । प्रमुख जिल्ला अधिकारीको नेतृत्व र जिल्ला स्तरीय कार्यालयहरुको प्राविधिक सहयोगमा सरकारी निकाय तथा गैर सरकारी संस्थाहरुले पूर्व निर्धारित जिम्मेवारी तथा भूमिकाहरु प्रष्ट पारी एकीकृत रूपमा विपद्को सामना गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशिताको सवालहरुलाई समेत सम्बोधन गर्ने कार्यक्रमहरु समावेश गर्नु पर्दछ ।

- **विपद पछिको आवश्यकता आँकलन, २०७२**

राष्ट्रिय योजना आयोगले भूकम्पको लगत्तै तयार गरेको विपद पछिको आवश्यकता आँकलन अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशितालाई विविध क्षेत्रको विषय र एकल विषय दुबै रूपबाट विशेष महत्वका साथ ध्यान दिनु पर्दछ ।[८]

महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु सबैभन्दा बढी जोखिममा रहेको र भूकम्पबाट सबैभन्दा बढी प्रभावित भएका छन् ।

गरीब परिवारको अन्न क्रय गर्न सक्ने वा उत्पादन गर्न सक्ने क्षमता र जीविकोपार्जनका लागि आय आर्जन गर्ने क्षमतामा ठूलो आघात पर्न गएको हुदा सामाजिक, उत्पादनशील र भौतिक पुर्वाधार लगायतका सबै क्षेत्रमा नकारात्मक प्रभाव पर्न गएको छ ।

कृषि तथा अनौपचारिक क्षेत्रमा सहभागी मध्ये अधिकांश महिला भएका र उनीहरुले आफ्नो अन्नको भण्डार, पशुपक्षी, तथा जीविकोपार्जनका अन्न उपायहरु गुमाए ।

दलित तथा अन्य पछाडी पारिएका वर्गले पनि जीविकोपार्जनका चुनौतीहरुको सामना गर्नु पर्‍यो ।

महिला, दलित तथा अन्य जनजाति समूहका व्यक्तिहरुसंग ज्यादै सीमित जग्गाको स्वामित्व रहेकोले उनीहरुको पुनरलाभ र पुनर्निमाणमा असर पर्न गएको छ ।

ज्येष्ठ नागरिक, महिला प्रमुख भएको घरपरिवार तथा अपाङ्गता भएका व्यक्तिहरु खण्डिकृतरूपमै प्रभावित भएका छन् ।

महिला, बालबालिकाले यौन हिंसा, लैङ्गिक हिंसा, बेचबिखन तथा ओसारपसार, बाल विवाह तथा बाल श्रमको जोखिममा परेका छन् ।

लैङ्गिक तथा सामाजिक समावेशिताको दृष्टिकोणबाट भूकम्प पछिको पुनरलाभ तथा पुनरनिर्माणलाई निम्न कुराहरु सहित समावेश गर्नु पर्दछ :

(क) संरक्षणको सवालमा आवश्यक भएसम्म सहयोग तथा अनुगमन गर्नुका साथै वैकल्पिक जीविकोपार्जको तथा नगद अनुदानको व्यवस्था गर्ने,

(ख) महिला तथा अन्य पछाडी पारिएका समुदायहरुको आर्थिक गतिविधिमा सहभागिता बढाई उदीहरुको संरक्षण, पुनर्स्थापना तथा प्रबर्द्धन गर्ने जसबाट उनीहरु दीर्घकालमा विपद् सामना गर्न सक्षम होऊन्,

(ग) जग्गा र घरको स्वामित्व एवं नागरिकताको प्रमाणपत्र प्राप्त गर्नमा सहजीकरण गर्दै स्वामित्व तथा उपभोग गर्ने अधिकार हासिल गर्नका लागि सहयोग तथा प्रवर्द्धन हुने उपायहरु अपनाउने,

(घ) लैङ्गिक उत्तरदायी बजेटलाई सर्वाङ्गिण पुनरलाभा तथा पुनर्निर्माणमा लैङ्गिक समानता हासिल गर्ने प्रतिबद्धतालाई व्यवहारमा उतार्ने माध्यमको रूपमा प्रयोग गर्ने ।

(ङ) सामाजिक कल्याणका कार्यक्रमहरुलाई लागू गर्ने तथा विस्तार गर्ने ।

(च) एकीकृत विशेष सुरक्षा ऐन लागु गरी आम नागरिकको सामाजिक सुरक्षा आवश्यकतालाई सम्बोधन गर्ने गरी भूकम्प पछिको अवस्थामा सुधार ल्याउने तथा पुनर्निर्माण गर्ने ।

- **राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२**

राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीतिको एक प्रमुख उद्देश्य भनेको भूकम्प ले असर गरेका तथा जोखिममा रहेका व्यक्तिहरु तथा समुदायलाई संरक्षण गर्नु तथा माथि उठाउनु हो । यसको लागि महिला, बालबालिका तथा अन्य पिछडिएका समुदायहरुको रूचि तथा आवश्यकता बमोजिम उनीहरुको स्तर वृद्धि गर्नको लागि रोजगारी, सीप विकास तथा स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रम तथा तालिमहरु सञ्चालन गर्ने रणनीति बनाएको छ ।९

## राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीतिमा लै.स.सा.स. बहुक्षेत्रगत विषयका रुपमा

१. पुनर्निर्माण तथा पुनर्स्थापना सरोकार राख्ने सरकारी निकाय, स्थानीय गैर सरकारी संस्थाहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशिताका दृष्टिले राष्ट्रि पुननिर्माण तथा पुनर्स्थापना नीति कार्यान्वयन मार्गदर्शक सिद्धान्तको रुपमा देहायका विषयहरुलाई अबलम्वन गर्नु पर्दछ ।

- स्वनिर्माणको अवधारणा अनुसार निजी आवासीय घर सम्बन्धित घरधनीद्वारा बनाउँदा र सार्वजनिक भवन निर्माण गर्दा अपाङ्गता तथा बालबालिका मैत्री हुनु पर्दछ ।

- क्षेत्रगत र निकायगत (सरकारी, गैरसरकारी) एकरुपता कायम गरी पारदर्शी ढंगले पुनर्निर्माण सम्बन्धी सहयोग उपलब्ध गराउनु पर्दछ ।

- भूकम्प प्रभावित क्षेत्रका अति विपन्न परिवार, दलित, गर्भवती तथा एकल महिला, अपाङ्गता भएका व्यक्ति, जोखिममा रहेका बालबालिका, जेष्ठ नागरिकका विशेष आवश्यकताको पहिचान गरी उपयुक्त कार्यक्रम संचालन गर्नु पर्दछ ।

२. भूकम्पबाट प्रभावित क्षेत्रका जोखिममा रहेका व्यक्ति र समुदायको संरक्षण तथा उत्थानमा संलग्न सरोकारवाला निकाय तथा संस्थाहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशिताका दृष्टिले देहायका रणनीतिलाई अनुशरण गर्नु पर्दछ ।

- भूकम्पबाट पीडित महिला, बालबालिका, सीमान्तकृत तथा विपन्न वर्गको उत्थानका लागि उनीहरुको इच्छा र आवश्यकताका आधारमा स्वास्थ्य सेवा, रोजगारीमूलक सीप विकास तथा तालिम कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्नु पर्दछ ।
- भूकम्पबाट प्रभावित क्षेत्रका आर्थिक रुपले कमजोर, सीमान्तकृत तथा विपन्न समूहले उत्पादन गरेको वस्तु तथा सेवाको बजारसम्म पहुँच बढाउने कार्यक्रम संचालन गर्नु पर्दछ ।
- भूकम्प प्रभावित क्षेत्रमा सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य, किशोर किशोरीको स्वास्थ्य र पोषण सुधारमा विशेष ध्यान दिनु पर्दछ ।

३. आर्थिक अवसर तथा जीविकोपार्जन कार्यक्रमहरुमा महिला तथा सामाजिक समूहहरुको समानुपातिक समावेशितालाई प्राथमिकतामा राख्नु पर्दछ ।

४. भूकम्पबाट पीडित महिला, बालबालिका, ज्येष्ठ नागरिक, सीमान्तकृत तथा विपन्न वर्गको उत्थानका लागि उनीहरुको इच्छा र आवश्यकताका आधारमा स्वास्थ्य सेवा, स्वरोजगारमूलक सीप विकास तथा तालिम कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने गर्नु पर्दछ ।

५. जीविकोपार्जनका बैकल्पिक उपायहरुको बारेमा अध्ययन तथा अनुसन्धान गर्दा महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा पछाडी पारिएका सामाजिक समूहहरु केन्द्रित उपायहरु अवलम्वन गर्नमा ध्यान पुऱ्याउनु पर्दछ ।

६. आवासीय घरको मर्मत तथा पुनर्निर्माण कार्यको सिलसिलामा एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक मात्र भएको परिवारलाई समुदायको सहयोगमा घर निर्माण गर्न प्रोत्साहन गर्नु पर्दछ ।

७. भूकम्प तथा अन्य प्राकृतिक प्रकोप प्रतिरोधी निर्माण विधि अवलम्वन गर्ने सन्दर्भमा अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका तथा जेष्ठ नागरिक मैत्री हुने गरी आवासीय घर निर्माण गर्नुपर्दछ । त्यसैगरी पुननिर्माण कार्यमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्न शैक्षिक संस्थाहरुलाई प्रोत्साहित गर्नु पर्दछ ।

८.भूकम्प प्रतिरोधी निर्माण विधि बारे व्यापक जनचेतना अभिबृद्धि गर्ने सम्बन्धमा महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा पछाडी पारिएका अन्य सामाजिक समूहलाई समेत समावेश गरी देहाय अनुसार गर्नु पर्दछ ।

- स्थानीयस्तरमा सञ्चालन गरिने कालिगढ तालिम र सचेतना कार्यक्रमका अतिरिक्त राष्ट्रिय एवं स्थानीय स्तरमा रहेका रेडियो, टेलिभिजन, छापा र अनलाईन मिडिया मार्फत भूकम्प प्रतिरोधी निर्माण विधि र विपद् न्यूनीकरण बारे चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

- सम्बन्धित सरकारी, गैरसरकारी र निजी संस्थाले सरकारले तोकेको ढाँचामा घरका नक्सा, निर्माण विधि सम्बन्धी पोष्टर, पर्चा, पुस्तिका तयार गरी स्थानीयस्तरमा वितरण गर्नु पर्दछ ।

९. आवश्यक अनुसार आपतकालीन सामुदायिक भवन निर्माण गर्दा महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको फरक आवश्यकतालाई समेत सम्बोधन हुने गरी व्यवस्था मिलाउनु पर्दछ ।

१०. भूकम्प प्रभावित क्षेत्रमा भौतिक तथा पूर्वाधार पुनर्निर्माणको सिलसिलामा स्थानीय सामुदायिक भवन र भवन र सुविधा जस्तै बृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदिको पुनर्निर्माण तथा मर्मत सम्भार गर्दा महिला, जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिहरुको, बालबालिकाको विशेष आवश्यकताको ख्याल गर्नु पर्दछ ।

११. भूकम्पबाट पीडित महिला, बालबालिका, सीमान्तकृत तथा विपन्न वर्गको उत्थानका लागि उनीहरुको इच्छा र आवश्यकताका आधारमा देहाय अनुसार स्वास्थ्य सेवा, रोजगारीमूलक सीप विकास तथा तालिम कार्यक्रम तर्जुमा गरी देहाय अनुसार सञ्चालन गर्नु पर्दछ :

- सामाजिक सद्भाव र सहिष्णुता कायम गर्न यस्ता वर्ग र समूहका लागि शिक्षा, स्वास्थ्य, चेतना अभिवृद्धि तथा सीम विकास सम्बन्धी तालिमको विशेष व्यवस्था मिलाउनु पर्दछ ।

- भूकम्प पीडित महिला, अपाङ्गता भउका व्यक्ति, अभिभावक बिहिन बालबालिका र जेष्ठ नागरिकका लागि पुनर्स्थापनाको व्यवस्था गर्नु पर्दछ ।

१२. भूकम्पबाट प्रभावित क्षेत्रका आर्थिकरुपले कमजोर, सीमान्तकृत तथा विपन्न समूहले उत्पादन गरेको वस्तु तथा सेवाको बजारसम्म पहुँच बढाउन देहाय अनुसार गर्नु पर्दछ :

- आर्थिकरुपले कमजोर, सीमान्तकृत तथा विपन्न समूहको वित्तीय साधनमा पहुँच बढाउन कार्यक्रमहरु संचालन गर्नु पर्दछ ।

- वित्तीय साधनमा पहुँच नभउका व्यक्तिलाई बचत तथा ऋण समूह गठन गर्न सहयोग गर्नु पर्दछ ।

- बैंक तथा सहकारी संस्था तथा बचत तथा ऋण समूहहरु आर्थिक पुनर्स्थापना कार्यक्रम सञ्चालनार्थ परिचालित हुनु पर्दछ ।

१३. भूकम्प प्रभावित क्षेत्रमा सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य, किशोर किशोरीको स्वास्थ्य र पोषण सुधारका लागि क्षेत्रमा सरकारद्वारा उपलब्ध गराइने विभिन्न प्रकारका सहयोग तोकिउको मितिमा घरदैलोमा नै उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्दछ । त्यसैगरी विभिन्न

प्रकारका जोखिममा रहेका समूहहरु जस्तै गर्भवती, एकल महिला, विधवा, पाँच वर्ष मुनिका बालबालिका, असहाय जेष्ठ नागरिकलाई निश्चित् अवधिसम्मका लागि आवश्यक सहयोगको व्यवस्था गर्नु पर्दछ ।

- **<u>राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीतिमा लै.स.सा.स. एकल विषयका रुपमा</u>**

  - भौतिक तथा सामाजिक पूर्वाधारको पुनर्निर्माण तथा पुनर्स्थापना गर्दा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका तथा महिला विशेषका आवश्यकतालाई सम्बोधन गर्नु पर्दछ ।
  - आवासीय घर निर्माणका लागि सरकारद्वारा उपलब्ध गराइने आर्थिक सहयोग सम्भव भएसम्म पति एवं पत्नीका नाममा संयुक्त बैंक खाता खोली उपलब्ध गर्नु पर्दछ ।
  - स्थानीयस्तरमा गरिने निर्माण कार्यमा हुन सक्ने बालश्रममा रोक लगाउने तथा महिला र पुरुषको समान ज्यालादर सुनिश्चित गर्नु पर्दछ ।
  - सरकारबाट सञ्चालन गरिने तालिम तथा अभिमुखीकरण कार्यक्रममा सम्भव भएसम्म न्यूनतम एक तिहाई महिला सहभागी गराउनु पर्दछ ।
  - अपाङ्गता भएका व्यक्तिलाई आवश्यकता अनुसारको सीप विकास सम्बन्धी तालिम दिई जीविकोपाजर्न तथा व्यवसाय सञ्चालनका लागि प्रोत्साहन गर्नु पर्दछ ।
  - पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धित सरोकारवाला विशेषत : महिला तथा अपाङ्गता भएका समूहको सहभागिता सुनिश्चित गर्नु पर्दछ ।
  - देशमा उपलब्ध युवा जनशक्तिलाई पुनर्निर्माण कार्यमा परिचालन गर्न आवश्यक तालीम, आर्थिक सहायता एवं रोजगरीका अवसर उपलब्ध गराउने र उनीहरुमा लुकेको प्रतिभा र सिर्जनशीलताको कदर गर्दै क्षमता र इच्छा अनुसार काममा लगाउने व्यवस्था गर्नु पर्दछ ।

- **विपद पछिको पुनरुत्थान खाका (Post Disaster Recovery Frameework), २०७३**

विपद् पछिको पुनरुत्थान खाकाले एकल महिला, अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिकहरु, पिछडिएका समूहहरुको घरहरुको पुनर्निर्माण गर्नको लागि तथा दुर्गम ठाउँमा बसोबास गर्ने समुदायहरुलाई पहिलेकै स्थितिमा फर्कन सहयोग पाउन सक्ने बनाउनको लागि समुदायमा आधारित संस्थाहरुलाई परिचालन गर्ने रणनीति तय गरेको छ । पछाडी परेका समुदायहरुलाई उनीहरुको घरहरुको निर्माणमा प्राथमिकतामा राख्नको लागि समुदायमा आधारित संस्थाहरुलाई उत्तम विकल्पका रुपमा प्रस्तुत गरेको छ । गैर सरकारी संस्था तथा नागरिक समाजका संस्थाहरुसँग अन्तरक्रिया गर्नको लागि प्राधिकरणले संयोजन मञ्चहरु स्थापन गर्नु पर्दछ र यी लक्ष्यहरु हासिल गर्नको लागि निश्चित संस्थाहरुसँगको साझेदारीलाई प्रोत्साहन दिनु पर्दछ ।१०

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अर्न्तगत जिल्ला जिल्लामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण इकाई (GESI Unit) स्थापना गर्नु पर्दछ ।
- इकाई अर्न्तगत महिला, अपाङ्गता भएका व्यक्ति जोखिम तथा सीमान्तकृत समूहको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नु पर्दछ ।
- महिला घरमूली भएको परिवार, अपाङ्गता भएका व्यक्ति एवं ज्येष्ठ नागरिकहरुका लागि आवास पुनर्निर्माणमा विशेष किसिमको सशर्त नगद अनुदानको व्यवस्था गर्नु पर्दछ ।
- महिला मैत्री परिसर सहित समुदायमा आधारित मनोसामाजिक परामर्श केन्द्रहरुको स्थापना र सुदृढीकरण गर्नु पर्दछ ।

- महिला, बालबालिका, किशोरी लगायत अन्य जोखिम समूहको लागि लैङ्गिकतामा आधारित हिंसा एवं यौनजन्य हिंसा विरुद्ध सचेतनाका कार्यक्रमहरु तथा संरक्षण सम्बन्धी कार्यक्रमहरु समावेश गर्नु पर्दछ ।
- आप्रवासनका कारण हुन सक्ने मानव बेचबिखनका घटनाहरुको सम्बोधन गर्न विशेष कार्यक्रमहरु तर्जुमा गर्नु पर्दछ ।
- भूकम्प प्रभावित जिल्लाहरुमा किशोरी तथा वयस्क महिलाहरुका लागि विस्तारित यौन शिक्षा प्रदान गर्नुका साथै सुरक्षित सिकाई वातावरण निर्माण गर्नु पर्दछ ।
- जोखिम समुदायका महिल, किशोरी एवं अल्पसंख्यक यौनिक समुदायको आर्थिक उत्थानका लागि सीप विकास तालिम दिई जीविकोपार्जनका उपायहरु अवलम्वन गर्नु पर्दछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई निरन्तर सहयोग पुऱ्याउनुका साथै उनीहरुका लागि पुनर्स्थापना केन्द्र, सहयोगी सामग्री, सीप विकास तालिम, जीविकोपार्जन तथा परिचयपत्र वितरण कार्यक्रम लाई तदारुप्ताका साथ सञ्चालन गर्नु पर्दछ ।
- भूकम्प प्रभावित जिल्लाहरुमा महिला तथा बालबालिकाका लागि लक्षित गरी निम्नानुसारका संरचनाहरु निर्माण हुनु पर्दछ :

क. बालबालिकाहरुका लागि बाल गृह

ख. लैङ्गिक हिंसाबाट प्रभावितहरुका लागि संरक्षण गृह

ग. मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरुका लागि पुनर्स्थापना गृह

घ. महिला तथा बालबालिका कार्यालय

ङ. महिला सहकारी केन्द्रहरु

च. किशोरी सूचना तथा परामर्श केन्द्र

- ज्येष्ठ नागरिकहरुका लागि बृद्धाश्रम, दिवा हेरचाह केन्द्र स्थापना गरी सीप विकास र जीविकोपार्जन कार्यक्रम सञ्चालनमा टेवा पुऱ्याउनु पर्दछ ।
- महिला तथा बालिकाहरुका लागि सार्वजनिक स्थलमा हुने यौन दुरव्यहार तथा यौनजन्य हिंसा लगायत विभिन्न प्रकारका लैङ्गिक हिंसा मुक्त समाज सहितको Building Back Better भविष्य सुनिश्चित गर्नु पर्दछ ।

- **पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि गैरसरकारी संस्थाको परिचालन सम्बन्धी कार्यविधि २०७२**

पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि गैरसरकारी संस्थाको परिचालन सम्बन्धी कार्यविधिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुबाट प्रदान गरिने अनुदानलाई पारदर्शी बनाउने उद्देश्य राख्नुको साथै उक्त कार्यमा संलग्न विभिन्न संस्थाहरुबीचमा सहयोग आदनप्रदान गर्ने वातावरण बनाउने उद्देश्य राखेको छ । यस कार्यविधिमा केही प्रावधानहरु राखिएका छन् जुन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु त्था दाताहरुले पूरा गर्नु पर्दछ । जस्थै

- ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरुको निजी आवास निर्माणका लागि प्रोत्साहित गर्नु पर्दछ ।

- निजीआवास बनाउनको लागि इच्छुक निकायहरुलाई आर्थिक रूपले विपन्न वर्गहरु, गरीब दलित, ७५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, शिशुहरु भएका एकल महिला, घरमा एक्लै बस्ने अपाङ्गता भएका व्यक्तिहरुको निजी आवास निर्माणका लागि प्रोत्साहित गर्नु पर्दछ ।

सह सताब्दी लक्ष र दिगोविकासका लक्ष्यहरुले पनि DRR को बारेमा वढि प्रभावित कार्यक्रम अघिसारेका छन् ।

सह शताब्दी लक्ष्यमा तोकिएका DRR सम्बन्धी कार्यक्रमलाई दिगो विकास लक्ष्यमा विभिन्न चरणमा राखेर पुरा गर्ने जमर्को गरीएको छ ।

## ५. कार्यान्वयन तथा अनुगमन

### ५.१ लैससास मूलप्रवाहीकरणका लागि संस्थागत संयन्त्र

- लैससास शाखाको सुदृढीकरण,
- कार्यसमितिमा लैससास कार्यान्वयन समितिको स्थापना,
- लैससास मूलप्रवाहीकरण संयन्त्रको व्यवस्था
- केन्द्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ईकाइले समन्वय-बिन्दुको कार्य गर्नेछ ।

### ५.२ लैससास शाखाले निम्नानुसारका विषयहरूलाई समेट्नेछ

- लैससास सहयोगी नीतिहरूको सुधार एवम् कार्यान्वयनका लागि सहयोग दिने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली, विधि एवम् प्रक्रियाहरू वसाल्न सहयोग गर्ने ।
- योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदनमा लैससासको मूलप्रवाहीकरणका लागि विभिन्न शाखाहरू एवम् समितिहरूसँग समन्वय गर्ने ।
- लैससास सम्बद्ध कार्यहरूको प्रभावकारी सम्पादनका लागि विभिन्न सरकारी एवम् गैरसरकारी निकायहरूसँग साझेदारी प्रवर्धन गर्ने ।

### ५.३ साझेदारी एवम् समन्वय

लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी एवम् गैरसरकारी निकायहरू, दातृ साझेदारहरू, सामुदायिक समूहहरू तथा नागरिकहरूबीच साझेदारी आवश्यक हुन्छ । यस कार्यका लागि विभिन्न निकायहरूले निम्नानुसार सहयोग पुर्‍याउनेछन् :

| साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू | कार्य ⁄ भूमिका |
|---|---|
| राष्ट्रिय कार्यसमिति | ▪ सामाजिक समावेशीकरण तथा सामाजिक परिचालन सम्बन्धी राष्ट्रिय कार्यसमितिको नीति तर्जुमा गर्ने ।<br>▪ लैससासको दृष्टिकोणबाट योजना तर्जुमा र अनुगमन ढाँचाहरूको पुनरावलोकन गर्ने ।<br>▪ विभेदकारी सामाजिक प्रचलनको विपक्षमा र सामाजिक समावेशीकरणकको पक्षमा आवाज उठाउने ।<br>▪ स्रोत तथा प्रतिफलहरूको समान वितरणको पक्षमा आवाज उठाउने ।<br>▪ लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहिकरण गर्ने<br>▪ महिलाहरुलाई लैङ्गिक संवेदनशील एकीकृत सेवा, सुविधा उपलब्ध गराउने ।<br>▪ खास-खास सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्क एवम् विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराउने, पर्याप्त क्रियाकलापहरू सञ्चालन गर्न योजना तथा बजेट सुनिश्चित गर्ने र कार्यक्रमहरूको अनुगमन गर्ने । |
| दातृ निकायहरु | ▪ लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि केन्द्रीय एवम् जिल्ला तहमा सहयोग प्रदान गर्ने । |
| गैरसरकारी संस्था | ▪ समूहका लागि सशक्तीकरण तथा सामाजिक परिचालनका क्रियाकलापहरूको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन गर्न सहयोग गर्ने ।<br>▪ समावेशीकरणका सवालहरूमा आवाज उठाउने तथा समावेशीकरण सम्बन्धमा भएका कार्यगत सिकाइहरूको अभिलेख राख्ने । |

| साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू | कार्य/भूमिका |
|---|---|
| निजी क्षेत्र | ▪ समूहहरूको सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग पुऱ्याउने । |
| समुदाय | ▪ कार्यक्रमहरूको कार्यान्वयनका लागि साझेदारको रूपमा काम गर्ने ।<br>▪ आफ्नो बस्ती तहका परिवारहरूको खण्डीकृत सूचनाहरूको अभिलेख राख्ने ।<br>▪ प्रगति एवम् चुनौतिहरूको आफै अनुगमन गर्ने ।<br>▪ समावेशीकरणको सुनिश्चितताका लागि सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापहरूमा निगरानीको भूमिका निर्वाह गर्ने ।<br>▪ सीमित गर्ने विद्यमान विभेदकारी प्रचलनहरूका विरुद्ध आवाज उठाउनुका साथै छलफल गराउन सहयोग गर्ने । |

## ५.४ लैससासको अनुगमन तथा प्रतिवेदन

- स्थानका आधारमा खण्डीकृत तथ्याङ्क एवम् सूचनाहरू
- लैससास सम्बन्धित अनुगमन तथा प्रतिवेदन कार्य निम्न तीन विषय क्षेत्रमा केन्द्रित हुनेछन् :
  - सम्पति तथा सेवा, सुविधाहरूमा परिवर्तन,
  - प्रभाव पार्ने आवाज एवम् क्षमतामा परिवर्तन र
  - औपचारिक एवम् अनौपचारिक नीतिहरू तथा व्यवहारमा परिवर्तन ।

यी कार्यहरूबाट महिलाहरूको सेवा, सुविधामा पहुँच, महिला विरुद्ध हुने ज्यादतीका साथै विभेदकारी सामाजिक प्रचलनमा कमी, जातजातिमा आधारित विभेदमा कमी, महिलाहरूको निर्णय गर्ने क्षमतामा अभिवृद्धि, महिलाहरूलाई दिइने सहयोगप्रति सम्पन्न वर्गको स्वीकारोक्ति जस्ता प्रयासहरू अगाडि बढ्नेछन् ।

## ५.५ लैससासको दृष्टिकोणबाट बजेटको अनुगमन

कुल विनियोजित रकमको कति प्रतिशत महिलाहरूका लागि प्रत्यक्ष फाइदा पुग्ने गरी, कति प्रतिशत आंशिकरूपमा फाइदा पुग्ने गरी र कति प्रतिशत तटस्थ रहेको छ सोको लेखाजोखा गरिनेछ । अनुगमन टोलीमा सुपरिवेक्षण तथा अनुगमन समिति र लैससास कार्यान्वयन समितिका सदस्यहरूको प्रतिनिधित्व गराइनेछ । साथै महिला, बालबालिका समूहहरूको प्रतिनिधित्व समेत सुनिश्चित हुनेछ ।

## ६. विभिन्न निकायहरूको भूमिका तथा अनुगमन व्यवस्थाको संक्षिप्त विवरण निम्नानुसार हुनेछ :

| **समय तालिका** | **लैससास कार्यान्वयन समिति** | **राष्ट्रिय प्रकोप जोखिम न्यूनिकरण समिति** |
|---|---|---|
| चौमासिक | • समूहको सहभागितामा प्रगतिको अनुगमन/ सेवामा पहुँच, विभेदकारी उदाहरणहरू, कार्यक्रम कार्यान्वयनको खण्डीकृत तथ्याङ्कको व्यवस्थापन, स्वअनुगमन पद्धति<br>• परिवर्तनका तीन क्षेत्रहरू (सेवा, आवाज तथा गति) मा जोड दिई प्रगतिको समीक्ष<br>• स्थलगत अनुगमन, परिवर्तनका क्षेत्रहरूको खण्डीकृत तथ्याङ्कीय आधारमा समीक्षा | नियमित बैठक, सामाजिक परिचालन र कार्यक्रम कार्यान्वयनको अनुगमन नियमित सुपरिवेक्षण, योजनाको आधारमा प्रगतिको लेखाजोखा, तीन परिवर्तन क्षेत्रका आधारमा अनुगमन |
| अर्ध वार्षिक | कार्यक्रम कार्यान्वयन तथा सामाजिक परिचालनका क्रियाकलापहरूको सार्वजनिक सुनुवाइ | नियमित बैठक, सामाजिक परिचालन र कार्यक्रम कार्यान्वयनको अनुगमन नियमित सुपरिवेक्षण, योजनाको आधारमा प्रगतिको लेखाजोखा, तीन परिवर्तन क्षेत्रका आधारमा अनुगमन |
| वार्षिक | लैङ्गिक तथा सामाजिक परीक्षण | नियमित बैठक, सामाजिक परिचालन र कार्यक्रम कार्यान्वयनको अनुगमन नियमित सुपरिवेक्षण, योजनाको आधारमा प्रगतिको लेखाजोखा, तीन परिवर्तन क्षेत्रका आधारमा अनुगमन |

## ७. राष्ट्रिय प्रकोप जोखिम न्यूनिकरण निति र रणनितिक कार्ययोजना तयारी २०१७–२०३०

### १. SFP: Priority 1: Understanding Disaster Risk for Decision Making

| रणनीति | उपलबदिहरु | सूचक | समय | सहयोगी निकाय |
|---|---|---|---|---|
| प्रकोप न्यूनिकरण र व्यवस्थापन सम्बन्धी सम्पूर्ण सरोकारवाला संघ संस्थालाई तालिम दिइनु पर्ने । | भएका तालिम केन्द्रको पुनरस्थापना र आवश्यकता अनुसार नयाँ तालिम केन्द बनाइने । | भइरहेका तालिम केन्द्रको क्षमता विकास लाई लैससास केन्द्रित बनाइने | २०१८ - २०२० | दातृ निकाय नेपाल सरकारका सम्बन्धित तालिम केन्द्रहरु |
| तथ्यगत अनुसन्धान लैससास को दृष्टिकोण बाट गरिने | तथ्यगत आंकडा संकलन गरिने | लैससास सम्बन्धी छुट्टै अनुसन्धान अनिवार्य रुपमा सबै कार्यक्रम गरिने | २०१७-२०१९ | नेपाल सरकार संयुक्त राष्ट्रसंघ |
| लैससास सम्बन्धि छुट्टै तालिम निर्देशिका र तालिम सामग्री | लैससास सम्बन्धी छुट्टै काम, कर्तव्य, अधिकार र भूमिका बारे प्रष्ट | लैससास सम्बन्धि छुट्टै रणनीति र कार्यक्रम | २०१९-२०२० | संयुक्त राष्ट्रसंघ र अन्य दातृ निकाय |

### Priority 2: Strengthening disaster risk governance to manage disaster risk

| रणनीति | उपलबदिहरु | सूचक | समय | सहयोगी निकाय |
|---|---|---|---|---|
| विकेन्द्रित कार्यक्रम तथा रणनीति मूलक कार्यक्रम संचालन | नीतिहरुको कार्यन्वयन | विषयगत व्यवस्थापनलाई नेपाल सरकारको नीति तथा कार्यक्रममा विकेन्द्रित ढंगले राखिनु | २०१८-२०२० | योजना आयोग, गृहमन्त्रालय, संघीय मामला तथा स्थानीय |

| | | | | |
|---|---|---|---|---|
| | | पर्दछ । | | विकास मन्त्रालय सहयोगी दातृ निकाय |
| विकेन्द्रिकित लैससास नीति तथा कार्यनीतिको सुरुवात | लैससासको नयाँ प्रकोप न्यूनिकरण सम्बन्धि विकेन्द्रित रणनीति मलक कार्ययोजना | विकेन्द्रित लैसास कार्ययोजना प्रकोप न्यूनिकरण समावेशीताका लागि | २०१८ | विपद व्यवस्थापन राष्ट्रिय समिति |
| सहकार्यगत विपद व्यवस्थाप ँramework को सुरुवात | एकैप्रकारको विपत व्यवस्थापन तथा न्यूनिकरण सम्बन्धि Framework को लागि | एकै प्रकारको प्रतिवेदन तयार पारी ढाँचा र कार्यक्रमको लेखाजोखा | २०२०-२०३० | सबै सरोकारवाला संघ संस्था र नेपाल सरकारका स्थानीय निकायहरु |

३. **Priority 3: Investing in Disaster Risk Reduction for Resilience**

| रणनीति | उपलबदिहरु | सूचक | समय | सहयोगी निकाय |
|---|---|---|---|---|
| प्रकोप न्यूनिकरण र व्यवस्थापन सम्बन्धी सम्पूर्ण सरोकारवाला संघ संस्थालाई तालिम दिइनु पर्ने । | भएका तालिम केन्द्रको पुनरस्थापना र आवश्यकता अनुसा नयाँ तालिम केन्द बनाइने । | भइरहेका तालिम केन्द्रको क्षमता विकास लैससास केन्द्रित बनाइने | २०१८ - २०२० | दातृ निकाय नेपाल सरकारका सम्बन्धित तालिम केन्द्रहरु |
| तथ्यगत अनुसन्धान लौससास पक्षबाट गरिने | तथ्यगत आंकडा संकलन | लैससास सम्बन्धी छुट्टै अनुसन्धान अनिवाय रुमा सबै | २०१७- २०१९ | नेपाल सरकार संयुक्त राष्ट्रसंघ |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यक्रम गरिने | | |
| लैससास सम्बन्धि छुट्टै तालिम निर्देशिका र तालिम सामग्री | लैससास सम्बन्धी छुट्टै काम, कर्तव्य, अधिकार र भूमिका बारे प्रष्ट | लैससास सम्बन्धि छुट्टै रणनीति र कार्यक्रम | २०१९-२०२० | संयुक्त राष्ट्रसंघ र अन्य दातृ निकाय |
| गैरसरकारी र औद्योगिक सामाजिक रणनीति लैसास केन्द्रित भएर सहकार्य गर्नु पर्ने । | लैससास सम्बन्धि औद्योगिक सहकार्य योजना र नागरिक समाजको अगुवाइ हुनेछ । | प्राइभेट क्षेत्रको लगानीमा बढावा हुनेछ । विमा कम्पनी आदि सुविधा | २०२०-२०३० | FNCCI, NGO Federation, राष्ट्रिय महिला संजाल राष्ट्रिय DRP समिति, दातृ निकाय, योजना आयोग, महिला तथा बालबालिक तथा समाज कल्याण मन्त्रालय |
| लैङ्गिक उत्तरदायी बजेटको तर्जुमा DRR केन्द्रित छुट्टै हुने । | लैङ्गिक बजेट अडिटीक केन्द्रित भएर प्रत्येक त्रैमासिक छुट्टै गरिने | DRR क्षेत्रमा लैङ्गिक उत्तरदायि बजेट तर्जुमा | २०१८ - २०२० | योजना आयोग |
| लैससास र सुसान सम्बन्धी दिगो विकासका लक्ष्यको प्रभावकारी कार्यान्वयन | दिगो विकास लक्ष्यमा पुग्न एउटा रणनीतिको तयारी हुनेछ | संयुक्त रुपमा दिगो विकास लक्ष्यको योजना तर्जुमा | २०१८-२० ३० | सबै सरोकारवाल निकायहरु |

**Priority 4: Enhancing disaster preparedness for effective response and to ‘Build Back better’ in recovery, rehabilitation and reconstruction**

| रणनीति | उपलबदिहरु | सूचक | समय | सहयोगी निकाय |
|---|---|---|---|---|
| लैङ्गिक सम्बेदनशील सुरक्षा संयन्त्र र मानवीय सचेतक साधनहरुको व्यवस्था | लैससास सम्बन्धित सुरक्षा संयन्त्रको छुट्टै विभाग स्थापना | खुला क्षेत्रको लैससास सम्बेदनशीलता | २०१९ - २०३० | राष्ट्रिय विपत व्यवस्थापन महाशाखा योजना आयोग<br>महिला बालबालिक तथा समाज कल्याण मन्त्रालय |
| लैङ्गिक हिंसा र जोखिम न्यूनिकरणमा सहकार्य गरिने | लैङ्गिक हिंसा न्यूनिकरण समिति हरेक जोखिम न्यूनिकरणका निकायमा बनाइने | लैङ्गिक हिंसाको लागि विपद व्यवस्थापन न्यूनिकरण कार्यनीति | २०१८- २०२० | महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय |
| महिला सम्वेदनशिल विपद व्यवस्थापन सम्बन्धी साधन र इमरजेन्सी सहयोग कोषको स्थापना | लैङ्गिक सम्वेदनशील सहयोग कोष स्थापना | स्थानीय DRR समिति को MOU गराउने | २०१८-२०३० | राष्ट्रिय विपद व्यवस्थापन महाशाखा<br>महिला मन्त्रालय<br>संयुक्त राष्ट्रसंघका निकायहरु |

## ८. कार्यान्यन :

यो  कार्ययोजनाको कार्यान्वयनमा सबै सरकारी निकाय, मन्त्रालय, विभाग, संघसंस्थाहरु, नागरिक समाज र निजी क्षेत्रहरु जिम्मेवार हुनेछन् । प्रत्येक सम्बन्धित मन्त्रालयले आफ्नो कार्यान्वयन योजना, बजेट विनियोजवन र वित्तीय तथा मानव स्रोत परिचालन गरी यस कार्ययोजनालाई मूर्तरुप दिनुपर्ने दायित्व हुनेछ । विकास साझेदार संस्थाहरु, राष्ट्रिउ ता अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, नारिक समाज र निजी क्षेत्रले वित्तीय तथा प्राविधिक सहयोगका माध्यमबाट मन्त्रालयहरो प्रयासलाई सहयोग गर्नेछन् । विषयगत कार्यलय र जिल्ला विकास समितिहरुले योजना गरिए अनुसारका कार्यत्रम/क्रियाकलापहरु सम्बन्धमा आ-आफ्ना मन्त्रालयहरुलाई प्रतिवेदन गर्नुपर्ने हुन्छ । यसैगरी हरेक मन्त्रालयले यस कार्यायोजनाको प्रगतिका बारेमा प्रतिवेदन दिनुपर्न हुन्छ । अन्तर-मन्त्रालयगत समितिले समग्र निर्देशन प्रदान गर्नेछ । कार्ययोजनाको उचित कार्यान्वयनको सुनिश्चित गर्ने कार्यका लागि अन्तर-

मन्त्रालयस्तरीय समितिले गठन गरेको कम्तीमा तीन जना सदस्य भएको प्राविधिक समिति प्रत्यक्ष रुपमा जिम्मेवार हुनेछ ।

## ९. निष्कर्ष

DRR सम्बन्धीत अन्तर-मन्त्रालयस्तरीय समितिले का लागि सरकारको कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार गरेको थियो । नागरिक समाजका प्रतिनिधि, दातृ निकाय, निजी क्षेत्र र सञ्चार माध्यमहरुको परामर्शबाट यस मस्यौदालाई अन्तिम रुप दिइएको छ ।

कार्ययोजनाले रणनैतिक कार्यक्षेत्र हिचान गरेको छ र बहु-सांस्कृतिक एवं बहु-आयामिक तौरतरिकाहरु प्रयोग गरी यसलाई कार्यान्वयनमा लगिने छ । यसको दीर्घकालिन लक्ष्य  महिला, पुरुष, बालिका एवम् केटाहरुले आफ्नो सम्भावना पूर्णरुपमा उपयोग गर्न सक्ने एवम् सम्मानित जीवन जिउने लैङ्गिक हिंसा मुक्त DRR कार्ययोजनको रहेको छ। यस कार्ययोजनको उद्देश्य सन् २०३० का लागि सरको अभिप्राय समेटिएको एकल नीतिगत दस्तावेजमा प्रस्तुत गर्नु हो । यस कार्ययोजनाले ६ वटा उद्देश्य एवम् निर्दिष्ट क्रियाकलापहरु समेटेको छ। यी सबैको महतव आफैँमा उत्तिकै भए तापनि यिनीहरु ए-अर्काको परिपूरकको रुपमा समेत रहेका छन् । उल्लेखित उद्देश्य एवम् क्रियाकलापहरुले “Cross Cutting लाई समेटेका छन् । सरकारले यस  कार्यायोजना कार्यान्वयनको अनुभवबाट दीर्घकालिन योजना तर्जुमा गर्ने सोच बनाएको छ।

## अनुसचि

3. DRR StrategicActtion Matrix in English

4. Policy Gap AnalysisMatrix on English from GESI and Governance Perspective.